## मनराशिसवा नगरपालिका

# साक्षर नगरपालिका घोषणा

# प्रतिवेदन

## २०८३




प्रतिवेदक

**जय शंकर मण्डल**

शिक्षा अधिकृत

मनराशिसवा नगरपालिका

# घोषणा-पत्र

यस मनराशिसवा नगरपालिकामा स्थायी बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका ३६,१०६ जनसंख्या मध्ये ३४,७४६ जना (९६.२%) साक्षर भएकोले राष्ट्रिय साक्षरताको मापदण्ड अनुसार १५ देखि ६० वर्ष उमेर समूहको जनसंख्या ९५% भन्दा माथि साक्षर भएमा साक्षर नगरपालिका घोषणा गर्न सकिने आधार पुगेकाले यस मनराशिसवा नगरपालिका साक्षरता अभियान नगर समितिको मिति २०८३ अषाढ १५ गतेको र नगर कार्यपालिकाको मिति २०८३ अषाढ १६ गतेको निर्णय अनुसार यो मनराशिसवा नगरपालिका साक्षर भएको घोषणा गरिन्छ।

| | |
|---|---|
| ................................ | ................................ |
| माननीय अंजना पंडित | मोहन पाण्डेय |
| प्रमुख अतिथि | नगर प्रमुख |
| प्रदेश सभा सदस्य | मनरा शिसवा नगरपालिका |
| मधेश, प्रदेश | |

# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मनरा, महोत्तरी

## प्रतिबद्धता-पत्र

यस मनराशिसवा नगरपालिकामा स्थायी बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका ३६,१०६ जनसंख्या मध्ये ३४,७४६ जना (९६.२%) साक्षर भएकोले राष्ट्रिय साक्षरताको मापदण्ड अनुसार १५ देखि ६० वर्ष उमेर समूहको जनसंख्या ९५% भन्दा माथि साक्षर भएमा साक्षर नगरपालिका घोषणा गर्न सकिने आधार पुगेकाले यस मनराशिसवा नगरपालिका साक्षरता अभियान नगर समितिको मिति २०८३ अषाढ १५ गतेको र नगर कार्यपालिकाको मिति २०८३ अषाढ १६ गतेको निर्णय अनुसार आगामी दिनहरुमा यस नगरपालिकालाई निरन्तर शिक्षातर्फ उन्मुख गरी पूर्ण साक्षर नगरपालिका बनाउने प्रतिवद्धताका साथ यस मनराशिसवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्दछौं ।

इति सम्वत् २०८३ साल अषाढ १७ गते रोज ४ शुभम्।

## कृतज्ञता तथा धन्यवाद ज्ञापन ।

यस मनराशिसवा नगरपालिकालाई "साक्षर नगरपालिका" घोषणा गर्ने अभियानमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुन्याउनुहुने सम्पूर्ण महानुभावहरू, संघ-संस्था, र निकायहरूप्रति नगर कार्यपालिकाको कार्यालय र मेरो व्यक्तिगत तर्फबाट हार्दिक कृतज्ञता तथा धन्यवाद ज्ञापन गर्दछु।

नेपाल सरकारको "साक्षर नेपाल अभियान" को लक्ष्यलाई आत्मसात गर्दै यस पालिकाभित्र रहेका १५ देखि ६० वर्ष उमेर समूहका नागरिकहरूलाई साक्षर बनाउने पवित्र उद्देश्यका साथ सञ्चालित साक्षरता अभियान यहाँहरू सबैको अथक मिहिनेत, सहयोग र सक्रिय सहभागिताका कारण सफल भएको छ।

यस अभियानलाई सफल बनाउन अहोरात्र खट्नुहुने वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विधालयका प्रधानाध्यापक, शिक्षक तथा शिक्षिकाज्यूहरू, साक्षरता सहजकर्ता र शिक्षा शाखाका कर्मचारीहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

साथै, निरक्षरता उन्मूलनको यस महान कार्यमा अमूल्य सुझाव र सहयोग प्रदान गर्नुहुने शिक्षा विकास तथा समन्वय एकाइ, जिल्ला समन्वय समिति, गैरसरकारी संघ-संस्था, नागरिक समाज, संचारकर्मी, सुरक्षा निकाय र सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइहरूप्रति हामी सदा आभारी छौं।

यहाँहरूको निरन्तर साथ र सहयोगले हाम्रो नगरपालिका पूर्ण रूपमा साक्षर बन्न सफल भएको छ। आगामी दिनहरूमा पनि शिक्षा, चेतना र समृद्धिका यस्तै अभियानहरूमा यहाँहरूको यस्तै सहयोग प्राप्त भइरहने कुरामा पूर्ण विश्वस्त छु।

अन्ततः, यस साक्षर पालिका घोषणा कार्यक्रमको प्रतिवेदन तयार पार्न र अभियानलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्णमा पुनः एकपटक हार्दिक धन्यवाद तथा नमन व्यक्त गर्दछु।

धन्यवाद।

..........................................

मोहन पाण्डेय

नगर प्रमुख

## कृतज्ञता तथा धन्यवाद ज्ञापन।

साक्षर नेपाल अभियान अन्तर्गत हाम्रो यस मनराशिसवा नगरपालिका लाई 'पूर्ण साक्षर पालिका' घोषणा गर्ने यस भव्य र ऐतिहासिक समारोहमा उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनुहुने सम्पूर्ण अतिथि तथा महानुभावहरूमा हार्दिक स्वागत तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छु।

यस अभियानलाई सफल बनाउन अहोरात्र खटिने शिक्षा शाखाका कर्मचारीहरू, घरदैलोमा गएर निरक्षरहरूलाई साक्षर बनाउन महत्वपूर्ण भूमिका खेल्नुहुने हाम्रा आदरणीय सहजकर्ताहरू, र साक्षरता कक्षा सञ्चालनका लागि भौतिक तथा प्राविधिक सहयोग पुऱ्याउनुहुने सेभ द चिल्ड्रेन, रतौली युवा क्लब लगायत सङ्घ-संस्थाप्रति यस पालिका विशेष आभार प्रकट गर्दछ।

यस साक्षरता अभियानलाई निरन्तर उत्प्रेरणा प्रदान गर्ने सङ्घीय सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, तथा प्रदेश सरकारका निकायहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ। त्यस्तै, साक्षर पालिका घोषणाका लागि आवश्यक तथ्याङ्क सङ्कलन, अनुगमन तथा व्यवस्थापकीय कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति र स्थानीय नागरिकहरूको अमूल्य योगदानको हामी उच्च कदर गर्दछौँ।

हामीले साक्षर पालिका घोषणाको मापदण्ड पूरा गरे पनि अब यसलाई निरन्तरता दिँदै सम्पूर्ण नागरिकहरूलाई जीवनपर्यन्त सिकाइको अवसर प्रदान गर्नु हाम्रो आगामी चुनौती र कर्तव्य दुवै हो। यस घोषणा कार्यक्रमले हाम्रो पालिकाको शैक्षिक तथा सामाजिक विकासमा नयाँ आयाम थपेको छ।

अन्त्यमा, आफ्नो अमूल्य समय निकालेर यस कार्यक्रमलाई सफल पार्न पाल्नुभएका सम्पूर्ण विशिष्ट अतिथि, सरोकारवाला र नगरवासीहरूप्रति पुनः एकपटक हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

..............................

प्रेम कुमार पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

## कृतज्ञता तथा धन्यवाद ज्ञापन।

यस मनराशिसवा लाई 'साक्षर पालिका' घोषणा गर्ने ऐतिहासिक तथा गौरवमय अभियानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहकार्य र सहयोग गर्न पाउँदा हाम्रो संस्था रतौली युवा क्लब तथा सहयोगी संस्था सेभ द चिल्ड्रेन अत्यन्तै गौरवान्वित महसुस गरेको छ।

१५ देखि ६० वर्ष उमेर समूहका सम्पूर्ण नागरिकलाई साक्षर बनाउने नेपाल सरकारको राष्ट्रिय लक्ष्यलाई वर्षः २०२६ मा यस पालिकामा साकार पार्न यहाँहरूको नेतृत्वदायी भूमिका प्रेरणादायी रह्यो। साक्षरता कक्षा सञ्चालन, स्रोत व्यवस्थापन र अनुगमनका क्रममा स्थानीय जनप्रतिनिधि, शिक्षा शाखाका कर्मचारी, विधालय र स्वयंसेवकहरूले देखाएको तत्परताको हामी उच्च कदर गर्दछौं।

यस साक्षर पालिका घोषणाले हाम्रो क्षेत्रको शैक्षिक, सामाजिक तथा आर्थिक विकासमा कोसेढुङ्गा सावित हुने विश्वास लिएका छौं। आगामी दिनमा पनि पालिकाको शिक्षा, गरिबी निवारण र सामाजिक विकासका हरेक अभियानमा हातेमालो गर्दै अघि बढ्न हाम्रो संस्था पूर्ण प्रतिबद्ध रहेको व्यहोरा समेत यसै पत्रमार्फत अवगत गराउन चाहन्छौं।

अन्ततः, यस भव्य अभियानलाई सफल बनाउन सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र साक्षरता सहजकर्ताहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछौं।

भवदीय,

बैधनाथ चौधरी
कार्यकारी निर्देशक
रतौली युवा क्लब, महोत्तरी
सम्पर्कः ९८५४०२५५४७

# विषय सूचि (Table of Content)

## अध्याय एक

**परिचय** ........................................ १
१.१ पृष्ठभूमि ........................................ १
१.२ नगरपालिकाको परिचय........................................ २
१.३ लक्ष्य ........................................ ३
१.४ उद्देश्य ........................................ ३
१.५ साक्षरता अभियान संचालनमा देखिएका चुनौती तथा अवसरहरु........................................ ४
१.६ साक्षर अभियान संचालनका रणनीतिहरु ........................................ ५

## अध्याय दुई

**साक्षरता अभियान संचालन सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था** ........................................ ७
१. नेपालको संविधान ........................................ ७
२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५........................................ ७
३. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ........................................ ७
४. राष्ट्रिय शिक्षा नीति, २०७६ ........................................ ८
५. सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) ........................................ ८
६. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ........................................ ८
७. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८० ........................................ ९
८. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण पुस्तिका, २०८० ........................................ ९
९. विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०)........................................ १०
१०. दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) ........................................ १०
११. साक्षर नेपाल वर्ष, २०७६ को अवधारणा पत्र ........................................ १०
१२. साक्षर मधेश-प्रदेश घोषणा कार्य योजना, २०८३ ........................................ १०
१३. आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२ ........................................ ११
१४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........................................ ११
१५. साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१ ........................................ ११

## अध्याय तीन


**साक्षरता कार्यक्रममा अवलम्बन गरिएका विधि र प्रक्रियाहरु ............ १२**
३.१ कार्यविधि निर्माण तथा स्थानिय राजपत्रमा प्रकाशन ............ १२
३.२ बजेट व्यवस्थापन ............ १२
३.३ कार्य योजना निर्माण ............ १२
३.४ तथ्याङ्क सङ्कलन ............ १२
३.५ तथ्याङ्क विश्लेषण ............ १३
३.६ सहजकर्ताहरुको अभिमुखिकरण ............ १३
३.७ प्रचार प्रसार ............ १३
३.८ पाठ्य सामग्री तथा मसलन्द सामग्री व्यवस्थापन ............ १४
३.९ साक्षरता कक्षा सञ्चालन ............ १४
३.१० सुपरिवेक्षण, अनुगमन तथा निरीक्षण ............ १४
३.११ साक्षरता प्रमाणिकरण ............ १५
३.१२ साक्षरहरुको अन्तिम तथ्याङ्क संकलन तथा विश्लेषण ............ १५
३.१३ साक्षरता अभियान नगर समितिबाट साक्षर नगरपालिका भएको सिफारिस ............ १५
३.१४ नगर कार्यपालिकाबाट साक्षर नगरपालिका घोषणा गर्ने निर्णय ............ १५
३.१५ साक्षर नगरपालिका घोषणा ............ १५


## अध्याय चार


**तथ्याङ्कको व्याख्या एंव विश्लेषण ............ १६**
४.१) वडागत साक्षर विवरण ............ १६
४.२) वडा नं.१ को जनसंख्या विवरण तथा ग्राफ ............ १७
४.३) वडा नं.२ को जनसंख्या विवरण तथा ग्राफ ............ १८
४.४) वडा नं.३ को जनसंख्या विवरण तथा ग्राफ ............ १९
४.५) वडा नं.४ को जनसंख्या विवरण तथा ग्राफ ............ २०
४.६) वडा नं.५ को जनसंख्या विवरण तथा ग्राफ ............ २१
४.७) वडा नं.६ को जनसंख्या विवरण तथा ग्राफ ............ २२
४.८) वडा नं.७ को जनसंख्या विवरण तथा ग्राफ ............ २३
४.९) वडा नं.८ को जनसंख्या विवरण तथा ग्राफ ............ २४
४.१०) वडा नं.९ को जनसंख्या विवरण तथा ग्राफ ............ २५
४.११) वडा नं.१० को जनसंख्या विवरण तथा ग्राफ ............ २६

## अध्याय पाँच

**सारांश, निष्कर्ष र प्रतिवद्धता** ........ २७
५.१ सारांश ........ २७
५.२ निष्कर्ष ........ २७
५.३ प्रतिबद्धता ........ २८

## अनुसूचीहरु

अनुसूची १: एकिकृत तथ्याङ्क ........ २९
अनुसूची २: फोटोहरु ........ ३०

# अध्याय एक
# परिचय

## १.१ पृष्ठभुमी

सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ। मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गर्न र आजीवन सिकाइको व्यवस्थापन गर्नेकार्य अनौपचारिक शिक्षा प्रणालीबाट गरिन्छ।निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर शिक्षा सँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिकएवं आजीवन शिक्षाले काम गर्दछ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। सोह्रौं योजना(२०८१/०८२-२०८५/०८६)ले खोज, अनुसन्धान र विकासमा आधारित नविनतम, व्यावहारिक, प्रयोगात्मक, सीपयुक्त र जीवन उपयोगी शिक्षाको प्रवर्द्धन गर्दै रोजगार केन्द्रीत "पढ्दै कमाउदै र कमाउदै पढ्दै" अवधारणाको प्रभावकारी कार्यान्वयन गर्ने लक्ष्य लिएको छ। तसर्थ सबैका लागि जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व रहेको छ। नेपालको संविधानको अनुसूची ८ मा अनौपचारिक शिक्षा, साक्षरता लगायत कक्षा १२ सम्मको शिक्षाका लागि स्थानीय तहलाई जिम्मेवारी प्रदान गरिएको छ। यस बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ मा आधारभूत र माध्यमिक शिक्षा लगायत अनौपचारिक, खुला तथा वैकल्पिक, निरन्तर सिकाइ, विशेष शिक्षा र समुदायमा संचालन हुने सिकाइका कार्यक्रम सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, नियमन लगायतका कार्यहरू स्थानीय तहले गर्ने गरी तोकिएको छ। अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १९ मा सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्वत् २०८५ साल बैशाख १ गतेपछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै संस्थाको सेवामा प्रवेश गर्न वा कुनै पनि सरकारी, गैरसरकारी वा निजी क्षेत्रमा स्थापित कुनै पनि संस्थामा कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारीको अवसर प्राप्त गर्न योग्य मानिने छैन। त्यस्तै कुनै पनि कम्पनी, फर्म, सहकारी संस्था वा गैरसरकारी संस्थाको संस्थापन गर्न वा त्यस्तो कम्पनी फर्म वा संस्थाको संस्थापक सेयरधनी, सञ्चालक वा सदस्य वा कुनै पदाधिकारी हुनयोग्य मानिने छैन। आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्यमा प्रदेश तथा स्थानीय तहका सरकारहरूसँग सहकार्य गरी यस वर्षभित्र "साक्षर नेपाल" घोषणा गरिने उल्लेख छ। यसै बमोजिम नेपाल सरकारले १५ देखि ६० वर्ष उमेर समुहका सबै नेपाली

नागरिकहरूलाई न्यूनतम साक्षरताको अवसर प्रदान गर्ने र जीवनपर्यन्त सिकाइको आधार तयार गर्ने उद्देश्यले २०८३ बैशाख मसान्त सम्म ६८ जिल्ला साक्षर घोषणा गरेको छ। मधेश प्रदेश सरकारले २०८३ असाढ मसान्त सम्म साक्षर प्रदेश घोषणा गर्ने विस्तृत कार्ययोजना नै सार्वजनिक गरिसकेको छ। यसै कार्ययोजनालाई टेकेर साक्षरता कार्यक्रम संचालन गरी आज हाम्रो मनराशिसवा नगरपालिका साक्षर घोषणा तर्फ अग्रसर भएकोछ।

**साक्षर नेपाल कार्यक्रम अन्तर्गत हाल सम्म भएका प्रयासहरु**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको रेकर्ड अनुसार

- वि.सं. २०६५ र वि.सं. २०६९ सालमा राष्ट्रिय साक्षरता अभियान सञ्चालन गरिएको
- आ.व. २०६७/०६८मा घरधुरी सर्वेक्षणका माध्यमद्वारा निरक्षरहरूको विवरण सङ्कलन गरि साक्षरता कार्यक्रम संचालन भएको
- वि.सं. २०७१ सालबाट १५-६० वर्ष उमेर समूहको जनसङ्ख्यामध्ये ९५ प्रतिशत साक्षर भएमा साक्षर जिल्ला घोषणा गर्ने अभ्यासको थालनी भए अनुरुप निरक्षरता उन्मूलन कार्यक्रम संचालन भएको
- वि.सं. २०७२ मा सबै जिल्लामा सघन साक्षरता कार्यक्रम सञ्चालन भएको
- नेपाल सरकारले वि.सं. २०७६ मा साक्षर नेपाल वर्षको अवधारणा पत्र स्वीकृत गरी २ वर्षभित्रमा साक्षर नेपाल घोषणा गर्ने लक्ष्य अनुसार साक्षरता कार्यक्रम संचालन गरेको
- यस मनराशिसवा नगरपालिकाले २०७९ सालमा घरधुरी सर्वेक्षण गरी संकलन गरेको तथ्याङ्क बमोजिम १५-६० वर्ष उमेर समूहका ११,०९२ जना (३२.२६%) निरक्षर लाई साक्षर गराउने गरी २०७९ भाद्र २३ गते अन्तर्राष्ट्रिय साक्षरता दिवसका दिन औपचारिक रुपमा साक्षरता कार्यक्रमको सुरुवात गरी १० वटै वडामा जम्मा २३४ जना सहजकर्ता तथा १० जना सुपरिवेक्षक परिचालन गरी करिब ५०-६० दिन साक्षरता कक्षा संचालन गरिएको थियो।
- आर्थिक वर्ष २०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ६० जना साक्षर बेरोजगारहरु परिचालन गरी १०० दिन चलेको कार्यक्रममा करिब ६००० निरक्षर व्यक्ति साक्षर भएका थिए।

## १.२ नगरपालिकाको परिचय

यो मनराशिसवा नगरपालिका मधेश प्रदेश अर्न्तगत महोत्तरी जिल्लामा पर्दछ। यस जिल्लामा रहेको १० वटा नगरपालिका र ५ वटा गाउँपालिका मध्ये यो पनि एउटा स्थानिय तह रहेको छ। यो नगरपालिका अक्षांस २६ डिग्री ३६ ईन्च उत्तर देखि २८ डिग्री १० ईन्च उत्तर र देशान्तर ८५ डिग्री ४१ ईन्च पूर्व देखि ८५ डिग्री ५७ ईन्च पूर्व मा रहेको छ। यो नगर समुन्द्री सतहभन्दा ६१ मीटर देखि ८०८ मीटरसम्मको उचाइरहेको छ।

महोत्तरी जिल्लाको कूल क्षेत्रफल १००२ वर्ग किलो मिटर मध्ये यस नगरको कुल क्षेत्रफल ४९.७८ ब.कि.मी. रहेको छ अर्थात ४९७८ हेक्टर (७४६७ बिघा) रहेको छ। यो नगरपालिका जिल्ला सदरमुकाम जलेश्वर बाट करिब १२ कि.मि. को दुरीमा रहेको छ भने प्रादेशीक राजधानी जनकपुरधाम बाट करिब २२ कि.मि. को दुरीमा रहेको छ। आवत जावतको लागि यस नगरको बीचबाट नै हुलाकी राजमार्ग सम्सी हुदै बर्दिबास सम्मको कालोपत्रे बाटो छ। यस नगरपालिकाको प्रशासनिक सिमाना अनुसार पुर्वमा बलबा नगरपालिका र महोत्तरी गाउपालिका, दक्षिणमा एकडारा गाउपालिका, जलेश्वर नगरपालिका, भारतको बिहार राज्यको सीतामढी जिल्ला, पश्चिममा पनि भारतको बिहार राज्यको सीतामढी जिल्ला र उतरमा सम्सी गाउपालिका र रामगोपालपुर नगरपालिका रहेका छन्। साबिकका गा.वि.स.हरु क्रमशः शिसवा कटैया, बथनाहा, सौँढा, सरपल्लो, मनरा, ईटहर्वा कटी र सोनौल समेत गरि ७ वटा गा.वि.स.हरु समेटी यो नगरपालिका बनेको छ। यस नगरपालिकामा १० वटा वडाहरु रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ को अनुसार मनराशिसवा नगरपालिकाको कूल जनसंख्या ५२,१९१ मध्ये पुरुष २५,६७९जनार महिला २६,५१२ जना रहेका छन्। जसमध्ये ५ वर्ष वा सो भन्दा बढी उमेरका ५८.८५% जनसंख्या साक्षर रहेको थियो।

यस मनराशिसवा नगरपालिकाले २०८३ बैशाख ८ गते देखि १५ गते सम्म नगरभित्रका सामुदायिक विद्यालयका शिक्षकहरु परिचालन गरेर संकलन गरिएको तथ्याङ्क अनुसार ५४,८३४ जनसंख्या मध्ये १५ देखि ६०उमेर समूहका ३६,१०६ जनसंख्या रहेकोमा ६,६९०(१८.५३%) निरक्षर पाइएको थियो। अर्थात ८१.४७% साक्षर रहेको थियो। नगर क्षेत्रभित्र स्थायी बसोवास गर्ने १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा साक्षर नगरपालिका घोषणा गर्न सक्ने उद्देश्य राखेर जेष्ठ १५ गते देखि अषाढ १३ गते सम्म ३० दिने साक्षरता अभियान संचालन गरिएको थियो।

### १.३ लक्ष्य

मनराशिसवा नगरपालिकाभित्र बसोबास गर्ने १५-६० वर्ष उमेर समूहका सबै नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी सबै नागरिकलाई जीवनपर्यन्त सिकाइको आधार तयार गर्ने ।

### १.४ उद्देश्यहरु

माथि उल्लिखित लक्ष्य पूरा गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको थियो :

१) निरक्षर व्यक्तिहरुको पहिचान गर्ने

२) निरक्षर व्यक्तिहरुमा न्यूनतम साक्षरता सक्षमताहरुको विकास गर्ने

३) परिस्थिति सुहाउँदो साक्षरता अवसरको विधि तय गर्ने

४) नगरपालिकालाई साक्षर घोषणा गर्ने

### १.५ साक्षर अभियान संचालनका चुनौतीहरु तथा अवसरहरु

साक्षरता अभियान कार्यक्रमको संचालन गर्दा निम्नलिखित चुनौतीहरु औंल्याएको थियो :

१) घरायसी अवस्था र खेतीपातीको कामले गर्दा साक्षरता कक्षामा सहभागीहरूको नियमिततामा समस्याको विषय बन्ने गरेको थियो।

२) साक्षरता कक्षामा बढी उमेरका सहभागीहरू हुने हुँदा साक्षरता सामग्रीको अक्षर र सादा चित्र हेर्न पनि समस्या हुनाले पनि कक्षामा उत्साह कम रहने गरेको थियो ।

३) निरक्षर रहेको बस्ती र समूहमा मात्र साक्षरता कक्षा सञ्चालन हुँदा वास्तविक निरक्षर छुटिरहने र साक्षर व्यक्तिहरू दोहोरिने स्थिति रहेको थियो।

**साक्षर अभियान संचालनका अवसरहरु**

१) हालसम्म ६८ ओटा जिल्ला र ५ ओटा प्रदेश (कोसी, वागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम) साक्षर घोषणा भएका छन् भने कर्णाली प्रदेशको सबै पालिका साक्षर घोषणा भइसकेको र साक्षर प्रदेश घोषणाको तयारीमा रहनु।

२) हाल सम्म मधेश प्रदेशको १५ वटा पालिका साक्षर घोषणा भइसकेको तथा महोतरी जिल्लाको मटिहानी नगरपालिका र जलेश्वर नगरपालिका साक्षर घोषणा भई केही पालिकाहरु यसै वर्ष साक्षर घोषणाको तयारीमा रहनु।

३) आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्यमा प्रदेश तथा स्थानीय तहका सरकारहरूसँग सहकार्य गरी यस वर्षभित्र "साक्षर नेपाल" घोषणा गरिने उल्लेख रहेको तथा मधेश प्रदेश सरकारले २०८३ असाढ मसान्त सम्म साक्षर प्रदेश घोषणा गर्ने विस्तृत कार्ययोजनालाई समेत अवसरका रुपमा लिएको थियो।

४) निरक्षर नागरिकलाई द्रुततर विधिबाट साक्षर गराई साक्षर नेपाल अभियानलाई तार्किक निष्कर्षमा पुर्याउन १२ वटा सूचकलाई ३० कार्यदिन (प्रतिदिन २ घण्टाका दरले ६० घण्टा) मा हासिल गर्ने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर द्वारा विकास गरिएको आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२ हुनु ।

५) मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१ कार्यपालिकाबाट स्वीकृत भई मार्गदर्शकको रुपमा रहनु।

६) आ.व.२०८२।०८३ को बजेट, नीति तथा कार्यक्रममा साक्षर नगरपालिका घोषणा गर्ने उल्लेख गरेको तथा आवश्यक बजेट समेत बिनियोजन हुनु।

७) सेभ द चिल्ड्रेन तथा रतौली युवा क्लब, महोतरी साक्षरता कार्यक्रम प्रति चासो र सहयोग गर्ने प्रतिबद्धता हुनु।

८) बहुशासकिय साझेदारहरुको स्रोत सहितको प्रतिबद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शिक्षा सम्बन्धि प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन

९) नगरपालिकामा २३ वटा सामुदायिक विद्यालय, १ वटा गुरुकुल, ३ वटा मदरसाहरु, ९ वटा अनुमति प्राप्त संस्थागत विद्यालयहरु तथा ३ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालन हुनु, नगरपालिकाका विषयगत शाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु लगायतका सरोकारवाला निकायहरुको साक्षरता कार्यक्रम प्रति चासो र सहयोग गर्ने प्रतिबद्धता हुनुलाई अवसरका रुपमा लिएको थियो।

## १.६ साक्षर अभियान संचालनका रणनीतिहरु

१) साक्षर नेपाल अभियानको मुख्य नीतिगत तथा प्राविधिक पक्षमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट संयोजन तथा सहजीकरण भएको थियो। शिक्षा तथा सँस्कृति मन्त्रालय मधेश प्रदेश, शिक्षा विकास तथा समन्वय इकाई महोत्तरी मार्गदर्शक भूमिकामा रहेका थिए,

२) मनराशिसवा नगरपालिकाका सामुदायिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र, विकास साझेदार गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम र अन्य साझेदारहरूलाई आ-आफ्नो तर्फबाट सहयोग गर्न नेपाल टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक संजालबाट आव्हान गरिएको थियो,

३) यस नगरपालिका अन्तर्गत रहेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, नगर शिक्षा समिति, विकास साझेदार गैरसरकारी सङ्घ संस्थाहरूको पटक पटक बैठक गरी सहयोगका लागि प्रतिवद्धता गरिएको थियो,

४) साक्षर नेपाल अभियानले १५–६० उमेर समूहका वयस्कलाई शिक्षाको अवसर प्रदान गर्ने तथा विद्यार्थी भर्ना अभियानले विद्यालय उमेर समूहका वालवालिकालाई अनिवार्य शिक्षा सुनिश्चित गर्न सहयोग गर्ने हुनालेदुवै अभियानसँगसँगै अघि बढाउन शैक्षिक शत्रको सुरुवात बैशाख ८ गते देखि नै निरक्षरहरुको तथ्याङ्क संकलन गरिएको थियो,

५) साक्षर अभियान नगर समिति तथा विद्यालयका प्रधानाध्यापकहरुको बैठक मिति २०८३।०२।०६ गते बसी निरीक्षरहरुको तथ्याङ्क विश्लेशण गरी सार्वजनिक गरिएको थियो तथा साक्षरता अभियान संचालनका लागि मार्ग निर्देश भएको थियो।

६) मिति २०८३।०२।१३ गते विद्यालयका शिक्षकहरुलाई साक्षरता अभियान संचालन सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम गरि आवश्यक संख्यामा

मसलन्द सामग्री दिएर जेष्ठ १५ गते देखि ३० दिने साक्षरता अभियानको थालिनी गरिएको थियो।

७) साक्षरता अभियानको अनुगमन गर्न शिक्षा विकास तथा समन्वय इकाई महोतरी, सेभ द चिल्ड्रेन, रतौली युवा क्लब जलेश्वर, महोतरी रयस नगरपालिकाका सबै वडा कार्यालयहरुतथा शिक्षा सँग सम्बन्धित कर्मचारीहरुलाई पत्राचार गरि नियमित अनुगमण तथा आवश्यक सल्लाह सुझाव प्रदान गरिएको थियो।

८) शिक्षा विकास तथा समन्वय इकाई जलेश्वर महोत्तरीका प्रमुख श्री निर्मल कुमार घिमिरे तथा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री प्रेम कुमार पोखरेल सहितको टोलीले सबै वडामा करिब ५% सेम्पलिङ्गका आधारमा कार्यविधिको अनुसूचि-७ प्रयोग गरी गरिएको परीक्षणमा ९५ प्रतिशत भन्दा बढी व्यक्ति साक्षर भएको पाईएको थियो।

९) ३० दिने साक्षरता अभियानको अन्त सम्ममा साक्षर भएकाहरुको विवरण सबै विद्यालयहरुको प्रधानाध्यापकसँग प्रमाणित गराई एकिकृत गरि विश्लेषण गरिएको थियो।

१०) नगरपालिकाको एकिकृत विवरण अनुसारनगर क्षेत्रभित्र स्थायी बसोवास गर्ने १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ९६.२ प्रतिशत जनसङ्ख्या साक्षर भइसकेकोले साक्षरता अभियान नगर समितिले साक्षर नगरपालिका घोषणा गर्न सिफारिस गरेको थियो।

११) साक्षरता अभियान नगर समितिको सिफारिस अनुसार नगर कार्यपालिकाले साक्षर नगरपालिका घोषणा भएको निर्णय गरिएको थियो।

# अध्याय दुई
# साक्षरता अभियान संचालन सम्बन्धी कानुनी तथा नीतिगत व्यवस्था

"समृद्ध नेपाल सुखी नेपाली" को साझा राष्ट्रिय आकाङ्क्षा तथा नागरिकको शिक्षा पाउने संवैधानिक अधिकार सुनिश्चित गर्नु राज्यको दायित्व हो। दिगो विकास लक्ष्य प्राप्ति, मानव अधिकार तथा बाल अधिकार लगायतका अन्य अधिकारमा आधारित अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिमा नेपालले जनाएका प्रतिबद्धता पूरा गर्नुपर्ने अवस्था रहेको छ। यसका लागि औपचारिक, अनौपचारिक तथा आजीवन सिकाइलाई थप व्यवस्थित गर्नुपर्ने हुन्छ ।

साक्षरता अभियान संचालन सँग सम्बन्धित विद्यमान कानुन, नीति, योजना तथा कार्यक्रममा भएको प्रावधानलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### १) नेपालको संविधान

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हकका रूपमा परिभाषित गरेको छ। आधारभूत शिक्षामा सबै नागरिकको पहुँचको विस्तार, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्क, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ।

### २) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा प्रत्येक नागरिकलाई कानून बमोजिमको साक्षर हुन पाउने कानुनी प्रबन्ध गरेको छ। तोकिए बमोजिमको परीक्षामा सहभागी भई प्रमाणपत्र पाउन वैकल्पिक र अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्नुपर्ने कानुनी व्यवस्था गरिएको छ। ऐनको दफा १९ (१) मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पूर्ण नागरिकले आधारभूत शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने वातावरण सिर्जना गर्ने प्रयोजनका लागि सम्बत् २०८५ साल वैशाख १ गते पछि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति राज्यबाट प्रदान गरिने अवसरबाट वञ्चित हुने कुरा उल्लेख गरिएको छ ।

### ३) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले स्थानीय तहले कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई राष्ट्रिय पाठ्यक्रम प्रारूपको आधारमा तयार पारिएको वैकल्पिक शिक्षाको पाठ्यक्रमको आधारमा

आधारभूत तहको वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसै गरी आधारभूत तहको वैकल्पिक शिक्षालाई तह एक, तह दुई र तह तीनमा स्तरीकरण गरी विद्यालयमा भर्ना भई छाडेको बालबालिकाको हकमा निजले बिचैमा छोडेको कक्षा र निजको उमेर अवस्था समेतलाई विचार गरी त्यस्तो वैकल्पिक शिक्षाको मिल्दो तहमा सहभागी गराउने समेत व्यवस्था गरेको छ। माध्यमिक शिक्षाको अवसरबाट वञ्चित व्यक्तिलाई लक्षित गरी कक्षा नौ देखि बाह्र सम्म वा सो सरहको माध्यमिक शिक्षा अनौपचारिक तथा खुला सिकाइको माध्यबाट शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ।

### ४) राष्ट्रिय शिक्षा नीति, २०७६

राष्ट्रिय शिक्षा नीति, २०७६ को उद्देश्य नं. ६ मा नेपाललाई पूर्ण साक्षर तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमवाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने तथा उद्देश्य नं. ११ मा औपचारिक, अनौपचारिक र अनियमित शिक्षा बीच अन्तरसम्वन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्ने उद्देश्य लिएको छ।

### ५) सोह्रौं योजना (२०८१/०८२-२०८५/०८६)

"सुशासन, सामाजिक न्याय र समृद्धि" को सोचका साथ अनौपचारिक शिक्षा, साक्षरता र आजीवन सिकाइलाई उच्च प्राथमिकता दिएको छ ।साक्षरता र सीप विकासलाई जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम र रोजगार केन्द्रित बनाउन "पढ्दै कमाउँदै र कमाउँदै पढ्दै" जस्ता कार्यक्रमलाई जोड दिने उल्लेख भएको छ। औपचारिक शिक्षाको पहुँचबाहिर रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरूको व्यावहारिक सीपलाई परीक्षण तथा प्रमाणीकरण गर्न 'राष्ट्रिय योग्यता प्रणाली' लागू गरिने भएको छ ।

### ६) राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६

अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका र औपचारिक विद्यालय शिक्षामा समावेश हुन इच्छुक व्यक्तिलाई उनीहरूको शैक्षिक अवस्थाको प्रमाणीकरण गरी निर्दिष्ट औपचारिक शिक्षा भित्रको कक्षामा प्रवेश गर्न पाउने अवसर खुला गरिने नीति राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको छ । त्यसैगरी, विविध कारणबाट शैक्षिक अवसर प्राप्त गर्न नसकेका विद्यालय उमेर समूहका बालबालिकालाई खुला शिक्षाको व्यवस्था गरी औपचारिक शिक्षासरहकै विद्यालय शिक्षा लिन पाउने संस्थागत विकास गर्न सकिने प्रावधान रहेको छ। शिक्षा सञ्चालनका लागि विषयगत पाठ्यक्रमलाई निर्दिष्ट उद्देश्य तथा सिकाइ उपलब्धि

हासिल हुने गरी विद्यार्थीको उमेर र पूर्व अनुभव समेत समेटी लचिलो (Flexible) बनाउन सकिने नीतिगत व्यवस्था रहेको छ।

**७) अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०**

स्थानीय तहले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने निरक्षर नागरिकका लागि साक्षरताका कार्यक्रम सञ्चालन गर्नुपर्ने छ। स्थानीय तहले साक्षरता कार्यक्रम सञ्चालन गर्दा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक आदि परिचालन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बिचैमा पढाइ छाडेका विद्यालय उमेर समूहका बालबालिकालाई संक्षेपित पाठ्यक्रमको पहिलो वर्षमा तह एक (कक्षा १-३), दोस्रो वर्षमा तह दुई (कक्षा ४-५), थप दुई वर्षमा तह तीन (कक्षा ६-८) गरी वैकल्पिक शैक्षिक कार्यक्रमको माध्यमबाट आधारभूत तहको शिक्षा पूरा गरेको हुनुपर्ने छ। आधारभूत तहको शिक्षा पूरा गरेको प्रमाणपत्र प्राप्त गर्नका लागि स्थानीय तहबाट सञ्चालित आधारभूत तहको अन्तिम परीक्षामा सहभागी भई सिकाइ उपलब्धि हासिल गरेको हुनुपर्ने छ। त्यस्तै माध्यमिक शिक्षाको अवसरबाट बञ्चित व्यक्तिलाई लक्षित गरी एक वर्षको तह चार (कक्षा ९-१०) र थप एक वर्षको तह पाँच (कक्षा ११-१२) खुला शैक्षिक कार्यक्रमको माध्यमबाट खुला विद्यालयको व्यवस्था गरिएको छ।

**८) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण पुस्तिका, २०८०**

स्थानीय तहले आफ्नो क्षेत्रभित्र बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका व्यक्तिहरूलाई साक्षर हुनका लागि साक्षरता सम्बन्धी देहायका १२ ओटा सूचकहरूमध्ये कम्तीमा पनि ५० प्रतिशत सूचक प्राप्त गर्न साक्षरता कार्यक्रम/अभियान संचालन गर्नु पर्ने हुन्छ।

- राष्ट्रभाषा वा मातृभाषाका वर्ण र अक्षर पढ्न र लेख्न
- नेपाली वा मातृभाषामा लेखिएका मूल्यसूची र बिल पढ्न
- आफ्नो र परिवारका सदस्यको नाम, उमेर लेख्न पढ्न
- मोबाइल र क्यालकुलेटरका अङ्क र अक्षर चिनेर प्रयोग गर्न
- ० देखि ९ सम्मका अङ्क अक्षर लेख्न
- १ देखि १०० सम्म गणना गर्न
- लेनदेनका हरीहसाब राख्न
- सरल चित्र, पोष्टर, साइनबोर्ड र ट्राफिक सङ्केत पढ्न र बुझ्न
- सामुदायिक कार्यक्रममा आफ्नो विचार सहित सक्रिय सहभागिता देखाउन
- घडी हेरेर समय बताउन

- भित्तेपात्रो हेरी तिथि मिति बताउन
- बैङ्क भौचर भर्न र चेकको प्रयोग गर्न

स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी बसोबास गर्ने तोकिएको उमेर समूह (१५-६०) को ९५ प्रतिशत जनसङ्ख्या साक्षर भएको अवस्थामा साक्षर भएको घोषणा गर्नुपर्ने उल्लेख गरिएको छ।

**९) विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२१-२०३०)**

विद्यालय शिक्षा क्षेत्र योजनाले सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइको अवसर उपलब्ध गराउने उद्देश्य लिएको छ। यो उद्देश्य प्राप्तिका लागि योजनाले राष्ट्रिय योग्यता प्रारूपको आधारमा अनौपचारिक शिक्षाबाट प्राप्त ज्ञान र सिपको परीक्षण गर्ने र औपचारिक र अनौपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार गर्ने रणनीति तय गरेको छ।

**१०) दिगो विकास लक्ष्य (सन् २०१६-२०३०)**

सबैका लागि समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्ने र आजीवन सिकाइका अवसर प्रवर्धन गर्ने उद्देश्य दिगो विकास लक्ष्य ४ ले लिएको छ। सन् २०३० सम्ममा सबै युवा र उल्लेख्य अनुपातमा महिला र पुरुष प्रौढले साक्षरता र गणितीय सिप हासिल गरेको सुनिश्चित गर्ने लक्ष्य ४.६ मा समावेश छ ।

**११) साक्षर नेपाल वर्ष, २०७६ को अवधारणा पत्र**

पन्ध्र वर्ष र सोभन्दा माथिको उमेर समूहका सबै नेपाली नागरिकलाई न्यूनतम साक्षरताको अवसर प्रदान गरी साक्षर नेपाल घोषणा गर्ने र सबै नेपाली नागरिकका लागि आजीवन सिकाइको आधार तयार गर्ने उद्देश्य साक्षर नेपाल वर्ष, २०७६ को अवधारणा पत्रमा उल्लेख भएको छ।

**१२) साक्षर मधेश-प्रदेश घोषणा कार्ययोजना, २०८३**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट मधेश प्रदेशलाई साक्षर घोषणा गर्ने तयारी कार्य स्वरुप गठन गरिएको उच्चस्तरीय विज्ञ कार्यदलले २०८३ बैसाख ३० गतेका दिन जनकपुरधाममा आयोजित समारोहकै बिचमा नेपाल सरकार र प्रदेश सरकारलाई प्रतिवेदन समेत हस्तान्तरण गरेको थियो। प्रतिवेदनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न मधेश प्रदेश सरकार, शिक्षा तथा संस्कृति मन्त्रालयको नेतृत्वमा मिति २०८३ आसाढ मसान्त भित्र सिंगो प्रदेशलाई साक्षर घोषणा सम्पन्न गर्नका लागि सम्वन्धित जिम्मेवार संस्था तथा पदाधिकारी/व्यक्तिले सम्पादन गर्नु पर्ने विशिष्ट कार्य श्रृङ्खलालाई मार्गदर्शनका रुपमा जारी गर्ने उद्देश्यले कार्ययोजना तयार गरिएको छ ।

**१३) आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२**

निरक्षर नागरिकलाई द्रुततर विधिबाट साक्षर गराई साक्षर नेपाल अभियानलाई तार्किक निष्कर्षमा पुर्याउन १२ वटा सूचकलाई ३० कार्यदिन (प्रतिदिन २ घण्टाका दरले ६० घण्टा) मा हासिल गर्ने गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर द्वारा आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२ विकास गरिएको छ।

**१४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनको व्यवस्था छ।

**१५) साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१**

साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य तथा हुन सक्ने जोखिम समेतलाई मध्यनजर गरी समय, स्थान र परिस्थिति अनुकूल हुने गरी मनराशिसवा नगरपालिकालाई साक्षर घोषणा गर्नका लागि मार्गदर्शकको रुपमा"*मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१*" कार्यपालिकाको बैठक मिति २०८१।०७।०७ बाट पारित गरी स्थानिय राजपत्रमा प्रकाशन गरिएको छ ।

# अध्याय तीन
# साक्षरता कार्यक्रममा अवलम्बन गरिएका विधि र प्रक्रियाहरु

## ३.१ कार्यविधि निर्माण तथा स्थानिय राजपत्रमा प्रकाशन

साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य तथा हुन सक्ने जोखिम समेतलाई मध्यनजर गरी समय, स्थान र परिस्थिति अनुकूल हुने गरी मनराशिसवा नगरपालिकालाई साक्षर घोषणा गर्नका लागि मार्गदर्शकको रुपमा "*मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१*" कार्यपालिकाको बैठक मिति २०८१।०७।०७ बाट पारित गरी स्थानिय राजपत्रमा प्रकाशन गरिएको थियो।

## ३.२ नगर सभाबाट बजेट व्यवस्थापन

१४ औं नगर सभाको बजेट, निती तथा कार्यक्रममा आ.व.२०८२।०८३ भित्र साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य राखी राजनैतिक प्रतिवद्धता सहित आवश्यक पर्ने बजेट व्यवस्थापन गरिएको थियो। संघिय सरकारको सशर्त अनुदान अन्तर्गत शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम शीर्षकमा लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ कार्यक्रम संचालनका लागि विनियोजित  बजेट समेत खर्च गर्ने निर्णय गरिएको थियो।

## ३.३ कार्य योजना निर्माण

साक्षरता कार्यक्रमलाई व्यवस्थित, समयमै र परिणाममुखी ढंगले सम्पन्न गर्नका लागि साक्षरता अभियान संचालन नगर समितिका पदाधिकारीहरु, शिक्षा शखाका कर्मचारीहरु, विद्यालयका प्रधानाध्यापकहरु, सामुदायिक सिकाई केन्द्रका प्रतिनिधिहरु, सेभ द चिल्ड्रेन बर्दिबासका प्रतिनिधि तथा रतौली युवा क्लब जलेश्वर महोतरीका प्रतिनिधि बिचको पटक पटक आपसी छलफल, समन्वयमा विस्तृत  कार्य योजना निर्माण गरिएको थियो।

## ३.४ तथ्याङ्क सङ्कलन

यस मनराशिसवा नगरपालिकाले २०८३ बैशाख ८ गते देखि १५ गते सम्म नगरभित्रका सामुदायिक विद्यालयका शिक्षकहरु खटाएर कार्यविधिको अनुसूची १ फारम प्रयोग गरी घरधुरी सर्वेक्षण मार्फत नगर क्षेत्र भित्र स्थायी बसोवास गर्ने १५ वर्ष देखि ६० वर्ष उमेर समूहका निरक्षरहरुको नामनामेसी सहितको तथ्याङ्क संकलन गरिएको थियो। यस मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१को दफा १७.१ अनुसार शिक्षक वा विद्यार्थीले निरक्षरहरूको तथ्याङ्क सङ्कलनको कार्य गरे वापत प्रति घर धुरी रू.२०।-(बिस रूपैयाँ) खाजा तथा प्रोत्साहन रकम शिक्षक, विद्यार्थीहरूले पाउने गरी समितिको निर्णयानुसार सम्बन्धित विद्यालयको खातामा निकासा दिइएको थियो।

### ३.५ तथ्याङ्क विश्लेषण

तथ्याङ्क संकलनकै क्रममा कार्यविधिको अनुसूची २ फारम प्रयोग गरी साक्षरताका १२ वटा सुचकहरु मध्ये निरक्षरहरुले प्रारम्भमा प्राप्त गरेका सूचकका आधारमा उनिहरुको स्तर पता लगाइएको थियो। कोरा तथ्याङ्कलाई विद्यालयहरुको क्षेत्रगत तथा वडागत रुपमा टेबुलेसन गरी प्रधानाध्यापकहरुको बैठकमा विश्लेषण गरी साक्षरता अभियान नगर समितिको निर्णयानुसार तथ्याङ्क सार्वजनिक गरिएको थियो।

### ३.६ सहजकर्ताहरुको अभिमुखिकरण :

निरक्षरलाई साक्षर गराउने मुख्य व्यक्ति सहजकर्ता नै भएकाले यो साक्षर अभियानलाई सफल र परिणाममुखी बनाउन अभिमुखीकरण पहिलो र अनिवार्य सर्त रहेको थियो। अभिमुखीकरण बिनाका सहजकर्ताहरू दिशाहीन हुन सक्ने, जसले गर्दा साक्षरता अभियानको लगानी र समय दुवै बालुवामा पानी हाले जस्तै हुन सक्ने थियो। निरक्षरहरूलाई साक्षर गराउने शैली सामान्य बालबालिकालाई पढाउने भन्दा फरक हुन्छ; त्यसैले सहजकर्ताहरूलाई मानसिक र प्राविधिक रूपमा तयार पार्न अभिमुखीकरण आवश्यक थियो। मिति २०८३ जेष्ठ १३ गते नगर प्रमुख ज्युको अध्यक्षतामा सहजकर्ताहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। यसमा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि २०८१ मा भएका व्यवस्थाहरु बारे जानकारी गराइएको थियो। साक्षरता अभियान संचालनका उद्देश्य, महत्वबारे छलफल गरिएका थिए। साक्षरताका १२ वटा सूचकहरु मध्ये निरक्षर व्यक्तिहरुलाई कम्तिमा ६ वटा सूचक प्राप्त गर्न लगाए मात्र साक्षर हुने तथा ती सूचकहरु के कसरी प्राप्त गर्न लगाउने बारे बृहत अवगत गराइएको थियो।

### ३.७ प्रचार प्रसार

मनराशिसवा नगरपालिकाका सामुदायिक विद्यालय, सामुदायिक सिकाइ केन्द्र, विकास साझेदार गैरसरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम र अन्य साझेदारहरूलाई आ-आफ्नो तर्फबाट सहयोग गर्न नेपाल टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक संजालबाट आव्हान गरिएको थियो।"शिक्षा सबैको अधिकार, साक्षरता हाम्रो आधार।"; "साक्षर नागरिक, समृद्ध नगरपालिका।"; साक्षरता आजको आवश्यकता, समृद्ध भविष्यको आधार।"; आउनुहोस् निरक्षरता अन्त्य गरौं, शिक्षित, सक्षम र समृद्ध समाज निर्माण गरौं।"; "साक्षर मनराशिसवा निर्माणमा हाम्रो साथ, हाम्रो प्रतिबद्धता।"; "मनराशिसवा नगरपालिकामा संचालित साक्षरता अभियानमा सक्रिय सहभागिता जनाई अभियानलाई सफल पारौं।" जस्ता नाराहरु लेखिएको पर्चा, पम्पलेट, व्यानर, सोसल मिडिया लगायतका माध्यम प्रयोग गरी व्यापक प्रचार प्रसार गरिएको थियो।

### ३.८ पाठ्य सामग्री तथा मसलन्द सामग्री व्यवस्थापन

यस मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१को दफा २१ मा विद्यालयले साक्षरता कार्यक्रम सञ्चालन गर्दा कक्षा व्यवस्थापन सामग्री र सहभागीहरूका लागि पाठ्य सामग्री तथा मसलन्द सामग्री वापत समितिको निर्णय अनुसार प्रति निरक्षर व्यक्ति रु.३० का दरले हुने एकमुस्ट रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरिएको थियो। विद्यालयहरुले प्रत्येक निरक्षर व्यक्तिलाई १ वटा कापी र १ वटा कलम प्रदान गरेका थिए।

### ३.९ साक्षरता कक्षा सञ्चालन

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर द्वारा विकास गरिएको आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२ अनुसार निरक्षर नागरिकलाई द्रुततर विधिबाट साक्षर गराई साक्षर नेपाल अभियानलाई तार्किक निष्कर्षमा पुर्याउन १२ वटा सूचकलाई ३० कार्यदिन (प्रतिदिन २ घण्टाका दरले ६० घण्टा) मा हासिल गर्ने उद्देश्य राखेर जेष्ठ १५ गते देखि असाढ १३ गते सम्म साक्षरता अभियान संचालन गरिएको थियो। प्रत्येक सामुदायिक विद्यालयहरुले शिक्षक वा कक्षा ८-१२ का विद्यार्थी सहजकर्ताको रुपमा परिचालन गरी आफ्नो सेवा क्षेत्र भित्र स्थायी बसोवास गर्ने १५ वर्ष देखि ६० वर्ष उमेर समूहका निरक्षर व्यक्तिहरुको घर घरमा गई वा पायक पर्ने ठाउँमा समुह बनाई साक्षरता कक्षा संचालन गरिएको थियो। यस मनराशिसवा नगरपालिकामा साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा सम्बन्धी कार्यविधि, २०८१को दफा १७.५ अनुसार सहजकर्ताले एक निरक्षरलाई साक्षर गराए वापत प्रति व्यक्ति रू. ८० र विद्यालयले व्यवस्थापन गरे वापत रू.२० गरी जम्मा रू. १०० (एक सय रूपैयाँ) का दरले हुन आउने रकम खाजा तथा प्रोत्साहन वापत कार्यक्रमको अन्तमा शिक्षक, विद्यार्थीहरूले पाउने गरी समितिको निर्णयानुसार सम्बन्धित विद्यालयको खातामा निकासा गरिएको गरिएकोछ।

### ३.१० सुपरिवेक्षण, अनुगमन तथा निरीक्षण

साक्षरता कक्षा नियमित रूपमा सञ्चालन भए-नभएको नियमित सुपरिवेक्षण गर्न प्रत्येक सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सुपरिवेक्षकको जिम्मेवारी दिइएको थियो। साक्षरता अभियान संचालन अवधिभर नियमित अनुगमन, निरीक्षण र पृष्ठपोषण प्रदान गर्न समितिका पदाधिकारीहरु, नगरपालिकामा कार्यरत कर्मचारीहरु, जनप्रतिनीधिहरु  तथा वडा कार्यालयलाई जिम्मेवारी दिइएको थियो। साथै सेभ द चिल्ड्रेन बर्दिबास,महोतरी र रतौली युवा क्लब जलेश्वरका कर्मचारीहरुले समेत आफ्नो तर्फबाट अनुगमन, निरीक्षण गरेका थिए। अनुगमन गर्ने निरीक्षकले तोकिएका साक्षरता कक्षाहरूको सञ्चालन अवधिभर प्रति हप्ता कम्तीमा २ पटक अनुगमन/निरीक्षण गरी प्रत्येक पटकको यथार्थ स्थितिको प्रतिवेदन नगरपालिकामा पेश गरेका थिए।

### ३.११ साक्षरता प्रमाणिकरण

साक्षरता अभियानको निर्धारित समयावधिको अन्तिम चरणमा शिक्षा विकास तथा समन्वय इकाई, जलेश्वर महोत्तरीका प्रमुख श्री निर्मल कुमार घिमिरे, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री प्रेम कुमार पोखरेल, साक्षरता अभियान नगर समितिका पदाधिकारी तथा सेभ द चिल्ड्रेन बर्दिबासका प्रतिनिधि र रतौली युवा क्लब जलेश्वरका प्रतिनिधि सहितको टोलीले सबै वडामा करिब ५% सेम्पलिङ्गका आधारमा कार्यविधिको अनुसूचि-७ प्रयोग गरी गरिएको परीक्षणमा ९५ प्रतिशत भन्दा बढी व्यक्ति साक्षर भएको पाईएको थियो।

### ३.१२ साक्षरहरुको अन्तिम तथ्याङ्क संकलन तथा विश्लेषण

साक्षरता अभियान सञ्चालनको समयावधि समाप्त भए पश्चात् कार्यविधिको अनुसूची-४ फारम प्रयोग गरी साक्षरताका १२ वटा सूचकहरु मध्ये प्राप्त गरेका सूचक संख्या र हस्ताक्षर सहितको तथ्याङ्क सम्बन्धित विद्यालयहरुले आफ्नो सहजकर्ताहरुबाट संकलन गरि अनुसूची-५ फारमको माध्यमबाट समष्टिगत विवरण नगरपालिकामा पेश गरेका थिए। शिक्षा शाखाले अनुसूची-६ फारम प्रयोग गरी १० वटै वडाको तथ्याङ्क एकिकृत गरी Raw Data लाई Tabulation गरी Master Chart मा उतार्ने काम गरियो। तथ्याङ्क सरल रुपमा बुझ्न सकिने र स्पष्ट अनि स्तरीय बनाउन तथ्याङ्क शास्त्रको सामान्य गणितिय नियमहरु प्रयोग गरी तार्किक व्याख्या एवं विश्लेषण गरी आवश्यकता अनुसार तालिकाहरु, प्रतिशत, वृतचित्र, स्तम्भ चित्र तथा चार्टहरुको माध्यमले व्याख्यात्मक तथा शास्त्रीय ढङ्गबाट केलाई र संक्षेपीकरण गरी प्रतिवेदन साक्षरता अभियान नगर समिति समक्ष पेस गरिएको थियो।

### ३.१३ साक्षरता अभियान नगर समितिबाट साक्षर नगरपालिका भएको सिफारिस

साक्षरता अभियान नगर समितिको मिति २०८३।०३।१५ गतेको बैठकले १० वटै वडाको एकिकृत तथ्याङ्क प्रतिवेदन विश्लेषण गरी यस नगर क्षेत्रभित्र स्थायी बसोवास गर्ने १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ९६.२ प्रतिशत जनसङ्ख्या साक्षर भइसकेकोले साक्षर नगरपालिका घोषणा गर्न नगर कार्यपालिका समक्ष सिफारिस गरेको थियो।

### ३.१४ नगर कार्यपालिकाबाट साक्षर नगरपालिका घोषणा गर्ने निर्णय

नगर कार्यपालिकाको मिति २०८३।०३।१६ गतेको बैठकले साक्षरता अभियान नगर समितिको सिफारिस अनुसार मनराशिसवा नगरपालिका साक्षर भएको संस्थागत निर्णय गरेको थियो तथा १७ गते बुधबार दिउँसो १:०० कार्यालयको सभा हलमा साक्षर नगरपालिका घोषणा कार्यक्रम भव्यताका साथ आयोजना गर्ने निर्णय पारित गरेका थिए।

### ३.१५ साक्षर नगरपालिका घोषणा

यस मनराशिसवा नगरपालिकाले आफ्नो क्षेत्रभित्र स्थायी बसोवास गर्ने १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ९६.२ प्रतिशत जनसङ्ख्या साक्षर भइसकेकोले कार्यपालिकाको निर्णयानुसार साक्षर नगरपालिका भएको घोषणा सार्वजनिक गरिएको थियो तथा बाँकी निरक्षरहरुलाई आगामी दिनमा साक्षर गराउने प्रतिबद्धता जनाइएका थिए।

# अध्याय चार
# तथ्याङ्कको व्याख्या एंव विश्लेषण


## ४.१) १५-६० उमेर समुहका वडागत साक्षर विवरण

यस मनराशिसवा नगरपालिकाले २०८३ बैशाख ८ गते देखि १५ गते सम्म नगरभित्रका सामुदायिक विद्यालयका शिक्षकहरु खटाएर कार्यविधिको अनुसूची १ फारम प्रयोग गरी नगर क्षेत्र भित्र स्थायी बसोवास गर्ने व्यक्तिहरुको गरिएको घरधुरी सर्वेक्षण तथा जेष्ठ १५ गते देखि असाढ १३ गते सम्म साक्षरता अभियान संचालन पश्चात सम्बन्धित विद्यालयहरुबाट अनुसूची-५ फारमको माध्यमबाट संकलन गरिएको विवरणलाई अनुसूची-६ मा एकिकृत गरि साक्षरता अभियान संचालन हुनु भन्दा पहिले देखि १५-६० उमेर समुहका साक्षर जनसंख्या र यस साक्षरता अभियानमा साक्षर भएको जनसंख्यालाई जोडेर १५-६० उमेर समुहका वडागत साक्षर जनसंख्या प्रतिशत टेबल नं.१ तथा ग्राफ नं.१ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.१**

| १५-६० उमेर समुहका वडागत साक्षरता प्रतिशत | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० | जम्मा |
| महिला | 96.26 | 96.04 | 95.99 | 97.68 | 97.33 | 98.43 | 98.79 | 98.16 | 95.96 | 97.4 | 97.2 |
| पुरुष | 94.55 | 96.36 | 96.84 | 93.95 | 96.66 | 92.23 | 95.7 | 97.59 | 94.28 | 96.32 | 95.31 |
| जम्मा | 95.43 | 96.21 | 96.42 | 95.73 | 96.99 | 95.36 | 97.21 | 97.87 | 95.08 | 96.82 | 96.23 |

**ग्राफ नं.१**




## ४.२) वडा नं.१ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं.१ सेवा क्षेत्र रहेका श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय मनराका शिक्षकहरुले मनरा पुर्वारी टोल, श्री जनता मा.वि. कटैयाका शिक्षकहरुले चौरियाटोल तथा श्री दुर्गा मा.वि.मनराका शिक्षकहरुले मनरा गाउँका बाकी रहेका सम्मपुर्ण क्षेत्रको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं.१ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.२ तथा ग्राफ नं.२ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.२**

| वडा नं.१ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 3626 | 2648 | 2549 | 96.26 |
| पुरुष | 4032 | 2496 | 2360 | 94.55 |
| जम्मा | 7658 | 5144 | 4909 | 95.43 |

**ग्राफ नं.२**




## ४.३) वडा नं.२ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं.२ सेवा क्षेत्र रहेका श्री ने.रा.कु. आधारभुत विद्यालय कट्टीका शिक्षकहरुले कट्टी गाउँ, श्री राधा आधारभुत विद्यालय इटहर्वा हनुमानपुरका शिक्षकहरुले इटहर्वा गाउँ तथा श्री राष्ट्रिय आधारभुत विद्यालय भोल्हीका शिक्षकहरुले भोल्ही गाउँको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं.२ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.३ तथा ग्राफ नं.३ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.३**

| वडा नं.२ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 3388 | 2245 | 2156 | 96.04 |
| पुरुष | 3730 | 2558 | 2465 | 96.36 |
| जम्मा | 7118 | 4803 | 4621 | 96.21 |

**ग्राफ नं.३**




### ४.४) वडा नं.३ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं.३ सेवा क्षेत्र रहेका श्री जनता माध्यमिक विद्यालय सोनौलका शिक्षकहरुले सोनौल गाउँको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं.३ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.४ तथा ग्राफ नं.४ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.४**

| वडा नं.३ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 1784 | 1321 | 1268 | 95.99 |
| पुरुष | 2075 | 1329 | 1287 | 96.84 |
| जम्मा | 3859 | 2650 | 2555 | 96.42 |

**ग्राफ नं.४**




### ४.५) वडा नं.४ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं.४ सेवा क्षेत्र रहेका श्री मुन्सीफ माध्यमिक विद्यालय साढॉका शिक्षकहरुले सॉंढा गाउँ, श्री विद्यासती आधारभुत विद्यालय जाउखका शिक्षकहरुले जाउख गाउँको दक्षिणबारीटोल, श्री जनता आधारभुत विद्यालय मनोगीकुट्टीका शिक्षकहरुले बटोही टोल तथा श्री पंडित पक्षधर रामपरी विश्वनाथ रा.प्रा.वि.का शिक्षकहरुले पंडित टोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं.४ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं. ५ तथा ग्राफ नं.५ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.५**

| वडा नं.४ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 2958 | 2022 | 1975 | 97.68 |
| पुरुष | 3398 | 2216 | 2082 | 93.95 |
| जम्मा | 6356 | 4242 | 4061 | 95.73 |

**ग्राफ नं.५**




४.६) वडा नं. ५ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. ५ सेवा क्षेत्र रहेका श्री जनता मा.वि. कटैया चौरियाका शिक्षकहरुले कटैया गाउँ तथा श्री जन एकता आधारभुत विद्यालय सानोकट्टीका शिक्षकहरुले सानोकट्टी टोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं. ५ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.६ तथा ग्राफ नं.६ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.६**

| वडा नं.५ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 2632 | 1688 | 1643 | 97.33 |
| पुरुष | 2861 | 1768 | 1709 | 96.66 |
| जम्मा | 5493 | 3456 | 3352 | 96.99 |

**ग्राफ नं.६**




### ४.७) वडा नं. ६ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. ६ सेवा क्षेत्र रहेका श्री सरयु मुन्नीलाल माध्यमिक विद्यालय सरपल्लोका शिक्षकहरुले सरपल्लो गाउँ, श्री सहदेव सहनी आधारभुत विद्यालय जाउखका शिक्षकहरुले जाउख गाउँको उतरबारीटोल, श्री जनता आधारभुत विद्यालय खुसनगरीका शिक्षकहरुले खुसनगरी गाउँ तथा श्री मुन्सीफ माध्यमिक विद्यालय साढॉका शिक्षकहरुले बिलासपुर टोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं.६ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.७ तथा ग्राफ नं.७ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.७**

| वडा नं.६ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 3113 | 2231 | 2196 | 98.43 |
| पुरुष | 3834 | 2187 | 2017 | 92.23 |
| जम्मा | 6947 | 4418 | 4213 | 95.36 |

**ग्राफ नं.७**




### ४.८) वडा नं. ७ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. ७ सेवा क्षेत्र रहेका श्री राष्ट्रिय आधारभुत विद्यालय झिंगास्थानका शिक्षकहरुले झिंगास्थान गाउँ तथा श्री चुल्हाई माया आधारभूत विद्यालय सरपल्लोका शिक्षकहरुले सरपल्लो गाउँको उतरबारी टोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं. ७ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.८ तथा ग्राफ नं.८ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.८**

| वडा नं.७ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 2259 | 1567 | 1548 | 98.79 |
| पुरुष | 2543 | 1627 | 1557 | 95.70 |
| जम्मा | 4802 | 3194 | 3105 | 97.21 |

**ग्राफ नं.८**




### ४.९) वडा नं. ८ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. ८ सेवा क्षेत्र रहेका श्री माध्यमिक विद्यालय सहसरामका शिक्षकहरुले सहसराम गाउँ र कटैयाको दक्षिणबारी टोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं. ८ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.९ तथा ग्राफ नं.९ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.९**

| वडा नं.८ को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 1636 | 1085 | 1065 | 98.16 |
| पुरुष | 1835 | 1164 | 1136 | 97.59 |
| जम्मा | 3471 | 2249 | 2201 | 97.87 |

**ग्राफ नं.९**




### ४.१०) वडा नं. ९ को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. ९ सेवा क्षेत्र रहेका श्री भै.गु.लो.ज.मा.वि. बथनाहाका शिक्षकहरुले बथनाहा गाउँ तथा श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय बथनाहाका शिक्षकहरुले मुसहरीटोलको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं. ९ मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.१० तथा ग्राफ नं.१० मा प्रस्तुत गरिएको छ।

**टेबल नं.१०**

| वडा नं.९ को जनसंख्या विवरण | | | | | |
|---|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 1467 | 867 | 832 | 95.96 |
| पुरुष | 1605 | 962 | 907 | 94.28 |
| जम्मा | 3072 | 1829 | 1739 | 95.08 |

**ग्राफ नं.१०**




## ४.१०) वडा नं. १० को जनसंख्या विवरण

यस मनराशिसवा नगरपालिकाको वडा नं. १० सेवा क्षेत्र रहेका श्री राष्ट्रिय जनता माध्यमिक विद्यालय मरुवाहीका शिक्षकहरुले मरुवाही गाउँ, श्री नेपाल राष्ट्रिय जनता प्रा. विद्यालय सकरीका शिक्षकहरुले सकरी गाउँ तथा श्री ह.वि.ज.स.आ.विद्यालय मधवा का शिक्षकहरुले मधवा गाउँको तथ्याङ्क संकलन गरी साक्षरता अभियानमा सहभागि भएका थिए। उनिहरुले वडा नं. १० मा स्थायी बसोवास गर्ने व्यक्तिहरुको संकलन गरेको तथ्याङ्क तथा १५-६० उमेर समूहका व्यक्तिहरुलाई गराएको साक्षर विवरण अनुसारको जनसंख्या टेबल नं.११ तथा ग्राफ नं.११ मा प्रस्तुत गरिएको छ।

**टेबल नं.११**

| वडा नं.१० को जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| | कुल जनसंख्या | १५-६० उमेरको जनसंख्या | १५-६० उमेरको साक्षर जनसंख्या | १५-६० उमेरको साक्षर प्रतिशत |
| महिला | 2817 | 1922 | 1872 | 97.40 |
| पुरुष | 3241 | 2199 | 2118 | 96.32 |
| जम्मा | 6058 | 4121 | 3990 | 96.82 |

**ग्राफ नं.११**



# अध्याय पाँच

# सारांश, निष्कर्ष र प्रतिवद्धता

## ५.१ सारांश

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर द्वारा विकास गरिएको आधारभूत साक्षरता शिक्षा सिकाइ सामग्री, २०८२ अनुसार निरक्षर नागरिकलाई द्रुततर विधिबाट साक्षर गराई साक्षर नेपाल अभियानलाई तार्किक निष्कर्षमा पुर्याउन १२ वटा सूचकलाई ३० कार्यदिनमा हासिल गर्ने उद्देश्य राखेर जेष्ठ १५ गते देखि अषाढ १३ गते सम्म सामुदायिक विद्यालयका शिक्षकहरु सहजकर्ताको रुपमा परिचालन गरी सेवा क्षेत्र भित्र स्थायी बसोवास गर्ने १५ वर्ष देखि ६० वर्ष उमेर समूहका निरक्षर व्यक्तिहरुको घर घरमा गई वा पायक पर्ने ठाउँमा समुह बनाई साक्षरता कक्षा संचालन गरिएको थियो। साक्षरता अभियानको निर्धारित समयावधिको अन्तिम चरणमा शिक्षा विकास तथा समन्वय इकाई, जलेश्वर महोत्तरीका प्रमुख श्री निर्मल कुमार घिमिरे, यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री प्रेम कुमार पोखरेल, साक्षरता अभियान संचालन नगर समितिका पदाधिकारी तथा सेभ द चिल्ड्रेन बर्दिबासका प्रतिनिधि र रतौली युवा क्लब जलेश्वरका प्रतिनिधि सहितको टोलीले सबै वडामा करिब ५% सेम्पलिङ्गका आधारमा गरिएको परीक्षणमा ९५ प्रतिशत भन्दा बढी व्यक्ति साक्षर भएको पाईएको थियो। अन्तमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरुले दिइएको साक्षरहरुको विवरण तथा अनुगमन प्रतिवेदनका आधारमा १० वटै वडाको अन्तिम एकिकृत तथ्याङ्क निकालिएको थियो। जस अनुसार यस नगरपालिकामा स्थायी बसोबास गर्ने कुल जनसंख्या ५४,८३४ मध्ये १५ देखि ६० वर्ष उमेर समूहका ३६,१०६ मा ३४,७४६ जना (९६.२%) साक्षर जनसंख्या रहेको छ।

## ५.२ निष्कर्ष

यस मनराशिसवा नगरपालिकामा स्थायी बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका ३६,१०६ जनसंख्या मध्ये ३४,७४६ जना (९६.२%) साक्षर भएकोले राष्ट्रिय साक्षरताको मापदण्ड अनुसार १५ देखि ६० वर्ष उमेर समूहको जनसंख्या ९५% भन्दा माथि साक्षर भएमा साक्षर नगरपालिका घोषणा गर्न सकिने आधार पुगेकाले यस मनराशिसवा नगरपालिका साक्षरता अभियान नगर समितिको मिति २०८३ अषाढ १५ गतेको र नगर कार्यपालिकाको मिति २०८३ अषाढ १६ गतेको निर्णय अनुसार यो मनराशिसवा नगरपालिका साक्षर भएको घोषणा गरिन्छ।

**५.३ प्रतिबद्धता :**

यस मनराशिसवा नगरपालिकामा स्थायी बसोबास गर्ने १५ देखि ६० वर्ष उमेर समूहका ३६,१०६ जनसंख्या मध्ये ३४,७४६ जना (९६.२%) साक्षर भएकोले राष्ट्रिय साक्षरताको मापदण्ड अनुसार १५ देखि ६० वर्ष उमेर समूहको जनसंख्या ९५% भन्दा माथि साक्षर भएमा साक्षर नगरपालिका घोषणा गर्न सकिने आधार पुगेकाले यस मनराशिसवा नगरपालिका साक्षरता अभियान नगर समितिको मिति २०८३ असाढ १५ गतेको र नगर कार्यपालिकाको मिति २०८३ असाढ १६ गतेको निर्णय अनुसार आगामी दिनहरुमा यस नगरपालिकालाई निरन्तर शिक्षातर्फ उन्मुख गरी पूर्ण साक्षर नगरपालिका बनाउने प्रतिवद्धताका साथ यस मनराशिसवा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्दछौं ।

# मनराशिसवा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

**साक्षरता अभियान सञ्चालन तथा साक्षर नगरपालिका घोषणा कार्यक्रम**

**एकिकृत तथ्याङ्क**

| वडा नं. | जम्मा जनसंख्या | | | १५-६० उमेर समुहका जनसंख्या | | | १५-६० उमेर समुहका पहिले देखि साक्षर संख्या | | | १५-६० उमेर समुहका निरक्षर संख्या | | | साक्षरता अभियानमा १५-६० उमेर समुहका साक्षर भएको संख्या | | | १५-६० उमेर समुहका कुल साक्षर संख्या | | | १५-६० उमेर समुहका कुल साक्षर प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ३६२६ | ४०३२ | ७६५८ | २६४८ | २४९६ | ५१४४ | २२२२ | २३३० | ४५५२ | ४२६ | १६६ | ५९२ | ३२७ | ३० | ३५७ | २५४९ | २३६० | ४९०९ | ९६.३ | ९४.६ | ९५.४ | |
| २ | ३३८८ | ३७३० | ७११८ | २२४५ | २५५८ | ४८०३ | १८२१ | २४०८ | ४२२९ | ४२४ | १५० | ५७४ | ३३५ | ५७ | ३९२ | २१५६ | २४६५ | ४६२१ | ९६ | ९६.४ | ९६.२ | |
| ३ | १७८४ | २०७५ | ३८५९ | १३२१ | १३२९ | २६५० | ७५१ | १२६२ | २०१३ | ५७० | ६७ | ६३७ | ५१७ | २५ | ५४२ | १२६८ | १२८७ | २५५५ | ९६ | ९६.८ | ९६.४ | |
| ४ | २९५८ | ३३९८ | ६३५६ | २०२२ | २२१६ | ४२४२ | १४९५ | १९५९ | ३४५८ | ५२७ | २५७ | ७८४ | ४८० | १२३ | ६०३ | १९७५ | २०८२ | ४०६१ | ९७.७ | ९४ | ९५.७ | |
| ५ | २६३२ | २८६१ | ५४९३ | १६८८ | १७६८ | ३४५६ | १३०८ | १६४९ | २९५७ | ३८० | ११९ | ४९९ | ३३५ | ६० | ३९५ | १६४३ | १७०९ | ३३५२ | ९७.३ | ९६.७ | ९७ | |
| ६ | ३११३ | ३८३४ | ६९४७ | २२३१ | २१८७ | ४४१८ | १४६३ | १८२४ | ३२८७ | ७६८ | ३६३ | ११३१ | ७३३ | १९३ | ९२६ | २१९६ | २०१७ | ४२१३ | ९८.४ | ९२.२ | ९५.४ | |
| ७ | २२५९ | २५४३ | ४८०२ | १५६७ | १६२७ | ३१९४ | ११३१ | १४२९ | २५६० | ४३६ | १९८ | ६३४ | ४१७ | १२८ | ५४५ | १५४८ | १५५७ | ३१०५ | ९८.८ | ९५.७ | ९७.२ | |
| ८ | १६३६ | १८३५ | ३४७१ | १०८५ | ११६४ | २२४९ | ९५५ | १११४ | २०६९ | १३० | ५० | १८० | ११० | २२ | १३२ | १०६५ | ११३६ | २२०१ | ९८.२ | ९७.६ | ९७.९ | |
| ९ | १४६७ | १६०५ | ३०७२ | ८६७ | ९६२ | १८२९ | ३१३ | ६७७ | ९९० | ५५४ | २८५ | ८३९ | ५१९ | २३० | ७४९ | ८३२ | ९०७ | १७३९ | ९६ | ९४.३ | ९५.१ | |
| १० | २८१७ | ३२४१ | ६०५८ | १९२२ | २१९९ | ४१२१ | १३७२ | १९२९ | ३३०१ | ५५० | २७० | ८२० | ५०० | १८९ | ६८९ | १८७२ | २११८ | ३९९० | ९७.४ | ९६.३ | ९६.८ | |
| | २५६८० | २९१५४ | ५४८३४ | १७५९६ | १८५०६ | ३६१०६ | १२८३१ | १६५८१ | २९४१६ | ४७६५ | १९२५ | ६६९० | ४२७३ | १०५७ | ५३३० | १७१०४ | १७६३८ | ३४७४६ | ९७.२ | ९५.३ | ९६.२ | |

विवरण भर्ने

नाम,थरः

हस्ताक्षरः

मितिः

रुजु गर्नेको

नाम,थरः

हस्ताक्षरः

मितिः

प्रमाणित गर्नेको

नाम,थरः

हस्ताक्षरः


मितिः


























मनराशिसवा नगरपालिका
ट्राफिक सङ्केत
पार्किङ निषेध
ट्रक निषेध
40
प्रवेश निषेध








पैदल यात्री निषेध
पहिरो झर्ने ठाउँ
दायाँ मोड्न निषेध
पैदल यात्रीले बाटो काट्ने ठाउँ






शुभ
शुभ
WELCOM